# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## भेरी नगरपालिका

## जाजरकोट




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः १८४

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुख ज्यू,
भेरी नगरपालिका, जाजरकोट ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

**<u>बोधार्थः</u>**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. १८५

मितिः २०७८।०५।०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगरप्रमुख ज्यू,
भेरी नगरपालिका, जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले भेरी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ३ करोड ४८ लाख १३ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु ७ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३१ लाख ९० हजार नियमित गर्नुपर्ने रु. १ करोड ६४ लाख ७८ हजार पेश्की बाँकी रु १ करोड ३९ लाख ५८ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३३ (तेत्तिस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं।त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभुत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नारायण एम. सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**श्री भेरी नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६।७७**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगर पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।यस नगरपालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, २१९.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ५१५ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६९६७२४८३.३ | १ | चालु खर्च | ३७५११५६९३.९९ | ३७५११५६९३.९९ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १०८९९१४१३ | १०८९९१४१३ |
| | ख) बैंक | ६९६७२४८३.३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ७८०६९५४९.१९ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ९८८१७९८.८३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६८१८७७५०.३६ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | १३३१८१७७० |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३७९३३६००० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ११७६००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २४७६३६०००० | | | अन्य लगानी | १३३१८१७७० | |
| | ग) समपूरक अनुदान | ९१००००० | | ५ | धरौटी फिर्ता | | |
| | घ) विशेष अनुदान | ५०००००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १०३८०००० | ७ | कोष फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | १०३८०००० | | ८ | मौज्दात | | ६१८००१५८.५ |
| | ख) सशर्त अनुदान | | | | क) बैंक मौज्दात | ६१८००१५८.५ | |
| | ग) समपुरक अनुदान | | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | | | ९ | शसर्त अनुदान फिर्ता | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | गत बर्षको बढी अल्या | | |
| ६ | **अन्य** | | | ११ | जनश्रमदान मौज्दात | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | धरौट मौज्दात | १३५३७५८ | १३५३७५८ |
| | ख) सडक बोर्ड नेपाल | | | १३ | कोष खाताको मौज्दात | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विषयगत निकायबाट प्राप्त | | १३३१८१७७० | | | | |
| | | | | | | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ८४४०९५६० | | | | | |
| | स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम | १०६४४२५५ | | | | | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | ९११९६० | | | | | |
| | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम चालु | ८९४४१५ | | | | | |
| ९ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम चालु | २०१०३५ | | | | | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | १९६९१०० | | | | | |
| | प्रदेस सरकार चालु अनुदान | १७४१९३७९ | | | | | |
| | प्रदेस सरकार पुँजिगत अनुदान | ७७६५७९५ | | | | | |
| | मुख्य मन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय | ९९७१०० | | | | | |
| | मुख्यमन्त्रि रोजगार कार्यक्रम | ६२७०३५८ | | | | | |
| | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १६९८८१३ | | | | | |
| १० | धरौटी आय | १३५३७५८ | १३५३७५८ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | ८४४९२३३ | ८४४९२३३ | | | | |
| | जम्मा | | ६८०४४२७९३.४९ | | जम्मा | | ६८०४४२७९३.४९ |

गत वर्षको मौज्दात मध्येको स्थानीय विपद कोष मौज्दात रकमको रु ८९०१९५ आय खण्डको अन्य विविध आयमा राखिएको जानकारी प्राप्त भएको छ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **वैक हिसाव मिलानः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको खर्च खातामा असार मसान्तको मौज्दात रु. ११४७९३२६६ रहेकोमा खाता बन्द गर्दा रु ६१८००१५८ मौज्दात रहेको पाइयो । साट्न बाकी चेकको प्रस्ट विवरण उपलब्ध हुन नसकेको कारण वैक हिसाव मिलान राम्रोसङ्ग गर्न नसकिने अवस्था देखियो । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. २३२४३६१३, पुजीगत खर्च खातामा रु. ९१५४९६५३ समेत गरी रु. ११४७९३२६६ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६३ जनाको दरबन्दी रहेकोमा ८ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २७५३६५३० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उप प्रमुख श्री भावना भण्डारीले मिति २०७६।३।१० गते रु. ४४ करोड ५९ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७६।८।२४ को निर्णयबाट पुजीगततर्फ रु. २८०७५७७७ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>१५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>गत बर्षको दायित्व - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । गो भौ २६ मिति २०७६।६।१४ मा त्रिभुवन मावि लाइ छुट पाठ्यपुस्तक अनुदान वापत रु. ८०६०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td>८०६००</td></tr>
<tr><td>९.</td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>पुँजिगत खर्चतर्फ</td><td>१४८३४५७४५</td><td>५७९६५३४</td><td>२७१५७६५५</td><td>१२१९२९२१</td><td>१०३१९८६३५</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>३.९</td><td>१८.३</td><td>८.२</td><td>६९.६</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १४८३४५७४५ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५७९६५३४ अर्थात ३.९ प्रतिशत, दोश्रो चौमासिकमा रु. २७१५७६५५, अर्थात १८.२ प्रतिशत र तेश्रो चौमासिकमा रु. ११५३९१५५६,, अर्थात ८.२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १०३१९८६३५ अर्थात ६९.६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १४४५३००० | १२१८०९३५ | ८४.२८ |
| २ | सामाजिक क्षेत्र | २७२३४७४०० | २२३१०५५२८ | ८१.९२ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ८२३१७८०० | ६१५३४७९० | ७४.७५ |
| ४ | वित्तीय व्यवस्थापन र सुशासन | ५०३७५६१६ | ४३०९९९०४ | ८५.५६ |
| ५ | कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६६२११९६६ | १४४१८५९४९ | ८६.७५ |
| | **जम्मा** | **५८५७०५७८३** | ४८४१०७१०६ | ८२.६५ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ८६.७५ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ७४.७५ प्रतिशत रहेको छ ।

११. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ९८८१७९८ राजस्व बाँडफाँड र अनुदानबाट रु ४५७९०३७५० समेत रु ४६७७८५५४८ आम्दानी भएकोमा चालु तर्फ रु ३७५११५६९३ र पूँजिगत तर्फ रु १०८९९१४१३ गरी रु ४८४१०७१०६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ३४७९२०० खर्च भएको छ जुन आन्तरिक आयको ३५.२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१.९२ प्रतिशत चालु र २३.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ९५ | १५ | ३ | ९ | १० |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१३. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५९ जना कर्मचारीहरु करारमा राखी

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रु. १४६१८४७३ खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १७ पदमा ३० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ८०६६७४३ भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>८०६६७४३</td></tr>
<tr><td>१५.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>१३</td><td>१३</td><td>११</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १७ वटा ऐन, ३ वटा नियमावली र २२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१९९४</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२०७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>८७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३२१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>११</td><td>१६</td><td>३७</td><td>४०</td><td>५१</td><td>१५५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ३० हजारदेखि २ करोड ५५ लाख सम्मका जम्मा १५५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ११ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१९.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ३ वटा नियमावली, २२ वटा कार्यविधि, ८ वटा निर्देशिका लगायत जम्मा ५५ वटा कानुन निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ७ गरी कुल ८ विवाद दर्ता भएकोमा सबै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२१.</td><td>स्वकीय सचिव र सल्लाहकार - कर्णाली प्रदेशस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा ना. सु. स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री राजेन्द्र विवस पुनलाई नियुक्त गरी मासिक रु. २८२०० का दरले रु. ३६६६०० भुक्तानी भएको अनियमित रु</td><td>३६६६००</td></tr>
<tr><td>२२.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ३४७९२०० सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष१३ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | तलब | १०२००० | ९०००० | ७८०००० | २६४००० | ८१०००० | |
| २ | बैठक भत्ता | १२००० | १२००० | ४६८००० | ९६००० | | |
| ३ | यातायात खर्च | १२००० | ९००० | ८१००० | ३८४०० | २२८०० | |
| ८ | चाडपर्व खर्च | ३४००० | ३०००० | २६०००० | ८८००० | २७०००० | |
| | जम्मा | १६०००० | १४१००० | १५८९००० | ४८६४०० | ११०२८०० | ३४७९२०० |

२३. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७९४४३५ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२४. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ९७७६६७ अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | भेरीमालिका फलफूल तथा नर्सरी फर्म | विरुवा उत्पादन तथा खरिद गर्नका लागि | ६००००० |
| २ | खड्का बहुउद्देशीय तरकारी फर्म | सामग्री खरिदको लागि | २१०००० |
| ३ | बिर्ख नर्सरी | नर्सरी निर्माण | ६०००० |
| ४ | कोशेरी त्रिवेणी नर्सरी फर्म | सामग्री खरिदको लागि | ५७६६७ |
| ४ | नहकुल घार निर्माणतथा मौरी पालन | घार खरिद | ५०००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

२५. **अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन ।पालिकाले उक्त रकम रु २७७५९६७४ मिति २०७७।०६।०४ गते मात्र फिर्ता गरेको रहेछ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २४७६३६००० | २२१३००२९६ | २६३३५७०४ |
| | विषेश | ५०००००० | ३५७६०३० | १४२३९७० |
| | समपुरक | ९१००००० | ९१००००० | ० |
| | समानिकरण | १९७१९९०८२ | १६८००२६०६ | २९१९६४७६ |
| | अन्य | ९९०३०३२५ | ९९०३०३२५ | ० |
| प्रदेश सरकार | शसर्त | ७४००००० | ७४००००० | ० |
| | विषेश | १२०५३८९ | १२०५३८९ | ० |
| | समपुरक | ८८१३९९० | ८८१३९९० | ० |
| | समानिकरण | १०३०८००० | ९८२१९२८ | ४८६०७२ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | अन्य | १०४६१७०८ | १०४६१७०८ | ० |
| | जम्मा | ५९६१५४४९४ | ५३८७१२२७२ | ५७४४२२२२ |

२६. **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष जाजरकोट साँस्कृतिक महोत्सव कार्यमा रु. ५००००० खर्च गरेको छ ।

२७. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ४५३०७ | १० | २८७७ | | | १२ | ४२४३० | | |

२८. **ठेक्का सम्बन्धी विवरणः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकामा बोलपत्रको माध्मबाट सञ्चालित ठेक्काको विवरण निम्नअनुसार रहेको छ ।

| योजनाको नाम | लागत अनुमान (भ्याटसहित ) | दर्ता भएका बोलपत्र संख्या | कम कबोल गर्ने | कबोल अंक | पेश्की रकम |
|---|---|---|---|---|---|
| जाजरकोट खलङ्गा सहलगानी खानेपानी आयोजना | १२५२७३४२.१६ | २ | केशव शाह कन्स्ट्रक्सन | १२६७९०१६ | २४७०२२२ |
| कुद रगंशाला निर्माण | ९७३७५०५.२५ | ९ | सन्तोष निर्माण सेवा | ५२०७८१८ | ५२०७७१ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न १ | ६१८२५४९.३ | १० | सन्तोष निर्माण सेवा | ४३९६४१३ | ८७९२८२ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न ४ | ६१८२५४९.३ | ७ | सन्तोष निर्माण सेवा | ४३९६४१३ | ८७९२८२ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न ५ | ३७७३४९७.८६ | ३ | धन एण्ड नविन निर्माण सेवा | ३७५४२३८ | ३७५४२३ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न १० | ३७७३४९७.८६ | ३ | न्यु मिलन निर्माण सेवा | ३७५४२३८ | ७४९११६ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न ७ | ३७७३४९७.८६ | ३ | के सी निर्माण सेवा | ३७४८८३९ | ३७४८८३ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न ८ | ३७७३४९७.८६ | ३ | सन्तोष निर्माण सेवा | ३७३८१६३ | ७४७६३२ |
| स्वास्थ्य चौकी भवन निर्माण वडा न १२ | ३७७३४९७.८६ | ३ | सविन कन्स्ट्रक्सन | ३७४०४१३ | ७४८०८२ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी भवन निर्माण | ४२३१४३४.९८ | ३ | सैबाबा एण्ड तारा कन्स्ट्रक्सन | ४२३०६३७ | ४२३६३ |
| कृष्णराज श्रेष्ठको घर देखि पुरानो पानी ट्याङ्की सम्म सडक निर्माण | २०१७३८६.८४ | ३ | शिव सुर्य निर्माण सेवा | २००५९०३ | ० |
| नगरपालिका भवन निर्माण | ३७८२९४१५.५३ | २ | गल्वा / खड्का रिस्ना जे भि | ३७०६३१९८ | ० |
| नगरपालिकाको दोस्रो तेस्रो र चौथो तला भवन निर्माण | २५५२५७५५.७४ | २ | खड्का रिस्ना /सन्तोष जे भि | २५२९८६२४ | २५२९८६२ |

२९. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०८९९१४१३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३०. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २७ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ५१५१५९७, तथा ३ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ९२०५७९५ बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २७ | ५१५१५९७ |
| २ | कार/जीप | १ | ३४९९९९९ |
| ३ | ट्याक्टर | १ | १९९०७९६ |
| ४ | व्याक हो लोडर | १ | ३७१५००० |
| | **जम्मा** | | १४३५७३९२ |

- **कर दस्तुर एवं आन्तरिक आय**

३१. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १२५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ९८८१७९८ अर्थात अनुमान भन्दा २०.९५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

३२. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७४२२५३०८ | ९८८१७९८ | २.०८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १८५७००६ | १५००००० | ६० |
| घरजग्गा वहाल कर | ६०५२६४ | ४०००० | ५ |
| व्यवसाय कर | ४७०४२५ | २००००० | १३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३४. **स्थानीय तहको विभाज्य कोष -** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथाथि असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

३५. **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा गरी राजस्व हिसाव सही र यथार्थ भएको आश्वशस्त गराउनु पर्दछ ।

३६. **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।नगरपालिकाको १३ वटा वडा कार्यालय र नगरपालिकाको राजस्व शाखाबाट आम्दानी भएका रकमहरु राजस्वको काम गर्ने कर्मचारीले बैंकमा दाखिला गरेको आधारमा आम्दानी बाँध्ने गरेको पाइयो । रसिद नियन्त्रण खाता राखी आम्दानी भएका रकमहरु नगदी रसिद वमोजिम भए नभएको हिसाव गरी आम्दानी बाँध्ने नगरेकोले गत विगतका नगदी रसिद कति थिए ? यस वर्ष कति छपाई भयो र बाँकी कति छन यकिन भएन । अतः पालिकाले आम्दानी देखाएको राजस्व रकम रु ९८८१७९८ नै यथार्थ आय भएकोमा आश्वस्त हुने अवस्था रहेन । कार्यालयबाट छानविन गरी के कस्तो लापरवाहीबाट राजस्वको श्रस्ता अद्यावधिक हुन नसकेको हो निजलाइ जिम्मेवार बनाइ यकिन हिसाब तयार गर्नु पर्दछ । | |
| | • **आयकर एवं मू.अ.कर** | |
| ३७. | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ ।यस पालिकामा उपभोक्ता समूह मार्फत गरिएका काममा उपभोक्ताले मेशिनको प्रयोग गरी भाडा भुक्तानी गरर्को पाइयो । अधिकाश उपभोक्ताले इन्धनको बिल छुट्टै राखी मेशिनको भाडा भुक्तानीको भर्पाइ राख्ने गरेको पाइयो ।मेशिन भाडामा मू अ कर समावेश हुने तर कर बिजक जारी नगरेकोले सो भाडामा समावेश भएको मू अ कर समायोजन हुनुपर्ने । | |

| गो भौ न | उपभोक्ता | डोजर सचालक | भुक्तानी रकम | मू अ कर |
|---|---|---|---|---|
| २३.०७६.१०.१९ | पुरानो नेटा रिसाग सडक उ स | बल बहादुर मल्ल | ५५०००० | ७१५०० |
| ३०.०७६.१०.२९ | रावत गाउ मैदे बडालेख उ स | बल बहादुर मल्ल | ८२५००० | १०७२५० |
| ३२.०७६.११.२ | भोला खोला मष्ट आ वि उ स | दल बहादुर राना | ६४२६०० | ८३५३८ |
| ४०.०७६.११.२९ | करौती खानी पाखा जसेका उस | किरण प्रसाद चन्द | ४६८००० | ६०८४० |
| ५४.०७७.३.२ | कफल्नी घोरनेटा उ स | दल बहादुर राना | ५३३००० | ६९२९० |
| ६५.०७७.३.९ | झाला हान्ना काफल्चौर उ स | बल बहादुर मल्ल | १२५०००० | १६२५०० |
| ६१.०७७.३.४ | पिपे मैदे बडालेख उ स | कृष्ण मल्ल | ३०८००० | ४००४० |
| १४१.०७७.३.२६ | डिगा तिमीले बडालेख उ स | बल बहादुर मल्ल | ११००००० | १४३००० |
| २१९.०७७.३.२६ | गोगनपानी चन्द्रज्योती उ स | शान्त बहादुर बुढा | ५४०००० | ७०२०० |
| | | जम्मा | ६२१६६०० | ८०८१५८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ५७०८८९ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| २/२०७६/५/९ | रिद्धि सिद्धि बिनायक | ३०४१५१४१७ | १३२७५० | १७२५७/५ | ८६२८/७५ |
| ३/२०७६/६/१६ | ज्योति हार्डवयर्स एण्ड सप्लायर्स | ६०५५४२२०२ | ९५५६८ | १२४२३/८४ | ६२११/९२ |
| १३/२०७६/९/१४ | मालिका हार्डवयर्स सप्लायर्स | ६०८२४२६३३ | १६३७२२/२३ | २१२८३/९९ | १०६४१/९९ |
| २०/२०७६/१०/८ | मालिका हार्डवयर्स सपलायर्स | ६०८२४२६३३ | १०४८३५/१५ | १३६२८/५६ | ८४१४/२८ |
| २३/२०७६/१ | श्रेष्ठआयल स्टोर एण्ड | ६०८४६१४५२ | ५४५३१७/४६ | ७०८९१/२७ | ३५४४५/६३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ०/१९ | अर्डर सप्लायर्स | | | | |
| २५/२०७६/१०/२३ | डाँफे बिल्डर्स | ३०३६७५१५० | ४२०८८०/३८ | ५४७१४/४५ | २७३५७/२२ |
| २६.०७६.२३ | सुदर्शन निर्माण सेवा | ३०३६७६६८१२ | ४२९८९१ | ५५८८५/८३ | २७९४२/९१ |
| ३१.०७६.१०.२९ | श्रेष्ठ आयल स्टोर | ६०८४६१४५२ | १०७१०० | १३९२३० | ६९६१५ |
| ३२.०७६.११.२ | भेरी आयल स्टोर प्रा लि | ६०६६६९०७० | ७६७०७८ | ९९७२०.१९ | ४८८६०.९ |
| ३३.०७६.११.२ | अर्जुन हार्डवयर एण्ड सप्लयर्स | ३१२३०९५३७ | ११०७३८ | १४३९६ | ७१९८ |
| ३४.०७६.११.२ | यरी आयल स्टोर | ३००५२०८५९ | २२३६४७ | २९०७४.११ | १४५३७.०५ |
| ३६.०७६.११.१८ | सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स | ३०५२८०४३५ | १९७४७८ | २५६७२.१३ | १२८३६.०६ |
| ३८.०७६.११.१८ | सविन कन्स्ट्रक्सन | ६०५६०९५६१ | २६३२८७ | ३४२२७.७४ | १७११३.६७ |
| ३९.०७६.११.२२ | सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स | ३०५२८०४३५ | १०९८२३ | १४२७६.९९ | ७१३८.४९ |
| ४०.०७६.११.२९ | श्रेष्ठ आयल स्टोर | ६०८४६१४५२ | २०९४४० | २७२२७.२० | १३६१३.६ |
| ५४.०७७.३.२ | भेरी आयल स्टोर प्रा लि | ६०६६६९०७० | २१०९४६ | २७४२३ | १३७११.५ |
| ५३.०७७.३.२ | सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स | ३०५२८०४३५ | २१५३०० | २७९८९ | १३९९४.५ |
| ५०.०७७.२.२८ | ज्योति हार्डवयर्स एण्ड सप्लायर्स | ६०५५४२२०२ | १४१६९४ | १८४२०.२७ | ९२१०.१३ |
| ४९.०७७.२.२२ | लालीगुँरास हार्डवयर्स | ३०५६५६००५ | ६०६९५२ | ७८९०३.७३ | ३९४५१.८६ |
| ६१.०७७.३.४ | ज्योति हार्डवयर्स एण्ड सप्लायर्स | ६०५५४२२०२ | ५२७५२९ | ६८५७८.८ | ३४२८९.४ |
| ७८.०७७.३.१६ | सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स | ३०५२८०४३५ | ४००८८९ | ५२०५५.२५ | २६०५७.७६ |
| ७४.०७७.३.१६ | बि के बिल्डर्स एण्ड सप्लायर्स | ३०५१५४९७९ | ४१३६०० | ५३७६८ | २६८८४ |
| १३५.०७७.३.२६ | अर्जुन हार्डवयर्स एण्ड सप्लायर्स | ६१२३०९५३७ | ५१६८६३ | ६७१९२.२ | ३३५९६.१ |
| १४१.०७७.३.२६ | श्रेष्ठ आयल स्टोर | ६०८४६१४५२ | ९३१५०० | १२१०९२ | ६०५४७.५ |
| जम्मा | | | ८७८२९१४ | ११४१७७८.८२ | ५७०८८९.४१ |

- **उपभोक्ता समिति मार्फत कार्य**

३९. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४०. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ४१. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुमा २४६ शिक्षक दरवन्दी रहेकोमा २४६ जना पदपूर्तिको अवस्था रहेको छ जहाँ १३ जना शिक्षक करार बाट पदपूर्ति गरिएको छ भने जम्मा विद्यार्थीको संख्या ९४३९ रहेको देखिन्छ । | |
| ४२. | **नमूना विद्यालय अनुदान** : जाजरकोट जिल्लामा नमूना बिद्यलयको रुपमा त्रिभवन मा बि छनौट भइ स्वीकृत गुरु योजना बमोजिमका कार्यक्रम सचालन गर्नको लागि रु १५०००००।०० बजेट व्यवसथा भएकोमा बिद्यालयले निकासा माग नगरेको र कार्यालयले पनि निकासा नपठाएको पाइयो ।गुरु योजना बमोजिम कार्य संचालन नगरी बजेट फ्रिज गराउनेलाइ जिम्मेवार बनाइ बजेट फ्रिज गराउनुको कारण सहित पुष्ट्याइ पेश हुनु पर्दछ । | |
| ४३. | **सहयोगि कार्यकर्ताको विवरणः** कार्यक्रम कार्यान्वयन पुस्तिका ०७६।७७ अनुसार फ्लाश रिपोर्टमा विद्यार्थीको विवरण नभएको वाल विकास केन्द्रलाई अनुदान दिन नमिल्ने व्यवस्था छ । शिशु कक्षा संञ्चालनका लागि कम्तिमा २० जना बालबालिका बराबर एक जना सहयोगी कार्यकर्ताको पारिश्रमिक दिनुपर्ने ,प्रत्येक ६।६ महिनामा निरीक्षण अनुगमन गरी विद्यार्थी घटबढको आधारमा सहयोगी कार्यकर्ताको दरवन्दी समायोजन गर्नुपर्दछ ।बाल विकास केन्द्रमा ५८५ बालबालिका रहेको विवरण प्राप्त भएको छ । सो बमोजिम ३० जनासम्म सहयोगी कार्यकर्ताको रु. २६४०००० भए पुग्नेमा ४३ जना सहयोगी कार्यकर्तालाई रु. ३७८४००० खर्च भएको छ । विद्यार्थीको अनुपातभन्दा १३ जना सहयोगी कार्यकर्ता बढी भर्ना गरी रु ११४४००० बढी व्यय भार पारेको छ।वालविकासका विद्यार्थीहरुको संख्याको अनुपातको आधारमा सहयोगी कार्यकर्ताहरुको नियुक्ती गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ४४. | **सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.१० मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १५००० का दरले अनुदान दिने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ५५ वटा विद्यालयमा ४४ वटा विद्यालयले मात्र लेखापरिक्षण गराएको पाइयो । बाकी ११ वटामा ३ वटा माध्यमिक तह सञ्चालित विद्यालयहरु र ८ वटा आधारभुत तह सञ्चालित विद्यालयहरुले लेखापरिक्षण नगराएको पाइयो । उक्त विद्यालयहरुलाइ लेखापरीक्षण वापत प्रदान गरिएको अनुदान रकम माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ रु ४५००० र आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ रु ८०००० गरी जम्मा रु १२५००० रकमको लेखापरिक्षण गराएको प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ । | |
| ४५. | **निः शुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न २.४.६.१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निः शुल्क पाठ्यपुस्तक अनुदान रकम | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिकाले विद्यालयलाइ उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले निः शुल्क पाठ्यपुस्तक अनुदान रकम भुक्तानी दिदा कक्षा १–१० का निम्न विद्यार्थीहरुलाइ सशर्तको गो भौ ९९ मिति २०७६।१२।५ बाट रु ३९८८२१४, गो भौ २३० मिति २०७७।३।२५ बाट रु ९३६४९६ गरी जम्मा रु ४९१४७१० भुक्तानी भएको देखियो ।पालिकाले उपलब्ध गराएको विद्यार्थी संख्या अनुसार निकासा रु ४७६७६२८ भुक्तानी हुनुपर्नेमा रु ४९१४७१० भएकोले वढी भुक्तानी हुन गएको रकम असुलउपर गरी दाखिला गर्नुपर्ने रु | १४७०८२ |

| कक्षा | विद्यर्थी सख्या | पा पु मुल्य | जम्मा |
|---|---|---|---|
| १ | ११४८ | ५१८ | ५९४६६४ |
| २ | ९१२ | २५७ | २३४३८४ |
| ३ | ८२६ | ३१७ | २६१८४२ |
| ४ | ८४७ | ३७० | ३१३३९० |
| ५ | ८१२ | ४०५ | ३२८८६० |
| ६ | ९५२ | ५७० | ५४२६४० |
| ७ | ९१० | ८७० | ७९१७०० |
| ८ | ११९६ | ८९७ | १०७२८१२ |
| ९ | ६२४ | ४८५ | ३०२६४० |
| १० | ६६४ | ४८९ | ३२४६९६ |
| जम्मा | | | ४७६७६२८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १७१३०४१ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ४६.१. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ४६.२. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४६.३. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४६.४. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रोजगारी दिनुपर्ने व्यवस्था छ। स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४६८ जनालाई रोजगारी उपलव्ध गराई रु. ४७१७६३६ खर्च गरेको छ । लक्षित वर्गलाई १६ दिनदेखि २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४८. | **वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७(६) मा विलभर्पाइ र खर्च प्रमाणित गर्ने कागजातको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।निम्न भौचरबाट वढी भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु<br>• २१५।२०७७।३।२५ः वडा न १३ मा वर पिपल देखि भूमेश्वर गुफा जोड्ने सडक निर्माण कार्य वापत रु ८८२७७५ को खुद काम भएकोमा रु ८८३७५९ भुक्तानी गरी रु ९८४ वढी भुक्तानी<br>• २२३।२०७७।३।२५ः वडा ३ मा जिल्ला अस्पताल देखि चाम्रे पिपल हुदै वारधाइरा रुख देखि गरेलि खोला र खत्री खारा जुगेन सम्म पदमार्ग निर्माण वापत रु ९७९६५५ को खुद काम भएकोमा रु ९८२७०० भुक्तानी गरी रु ३०४५ वढी भुक्तानी<br>• २४३।२०७७।३।२५ः वडा ४ मा रामजानकी प्रावि देखि इउरी चन्द्रघण्टा भगवति मन्दिर सम्म जाने बाटो निर्माण वापत रु ६४४६३१ को खुद काम भएकोमा रु ६८०६१३ भुक्तानी गरी रु ३५३६९ वढी भुक्तानी | ३९३९८ |
| ४९. | **वडामालिका पर्यटन पूर्वाधार सडक योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार योजना सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।गो भौ ५३ मिति २०७७।३।२५ मा यस योजनाका लागि विनियोजित बजेट रु ३०००००० र श्रमदान रु ७४५५७२ गरी जम्मा रु ३७४५५७२ बजेट विनियोजन गरेकोमा रु ३६५५५२७ को लागत अनुमान बनाइ योजना सञ्चालन गर्दा यस आ व मा रु १८६९६०४ को प्रथम रनिङ्ग विल मुल्यांकन गरी रु १५०२००० रकम खर्च गरी कुल रकमको ४९.९१ प्रतिशत मात्र खर्च गरेको छ । वाँकी कामको लागि वजेट विनियोजन नभएको देखियो । जसले गर्दा यस्ता योजना अधुरो नै रहने गर्दछन् ।यस्ता अल्पकालिन र टुक्रे आयोजनाहरुमा वजेट विनियोजन गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।कुनै दीर्घकालिन योजना वेगर यस्ता योजनामा वजेट छर्ने प्रवृतिले कुनै लाभ दिन नसक्ने हुँदा यस्ता योजना निर्माणमा सम्मिलित लाइ जिम्मेवार वनाउनु पर्दछ । | |
| ५०. | **बहुक्षेत्रीय पोषण कार्यक्रमः३६५००१०६३ - अनुगमन भत्ता बढी भुक्तानीः** भ्रमण खर्च नियमावली, २०६४ मा रा प अन श्रेणीका कर्मचारीलाई दुर्गम क्षेत्रमा भए रु १३२० का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो भौ १६।२०७७।३।३१ बाट कार्यालयलको मिति २०७६।११।१ गते एकिकृत शिशु तथा बाल्य कालिन पोषण तत्व तथा अभिवृद्धि अनुगमन गरेवापत हे.अ. श्री लाल | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बहादुर खड्का, श्री पवन विष्ट लगाएतका १० जना स्वास्थ्यकर्मीलाई दैनिक रु १३२० का दरले रु १३२००। भुक्तानी गर्नुपर्नेमा रु १७६० का दरले रु १७६००। भुक्तानी गरेको छ । स्वास्थ्यकर्मीहरुलाई बढी भुक्तानी गरेको असूल गर्नुपर्ने रु | ४४०० |
| ५१. | **मुख्यमन्त्री रोजगारकार्यक्रम तर्फः**<br>**जिन्सी मालसामान दाखिलाः–** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(१) मा खरिद गरिएका वा वस्तुगत सहायताबाट प्राप्त भएका मालसामान ७ दिन भित्र जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । तर मुख्यमन्त्री रोजगार कार्यक्रममा ज्योती हार्डवेयर एण्ड सप्लायर्सबाट हातेऔजार र सुरक्षाका सामाग्री रु १८७८६२।५ को खरिद गरेको विल संलग्न फांटवारीमा छ । तर कार्यलयले उक्त मालसामान खरिद गरि लगत तयार नगरेको पाइयो । कार्यालयले खरिद गरेका मालसामानको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ । | |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः ३६५००१०४३ –** | |
| ५२. | **बढी इन्धनः** ४।२०७७।३।२६ सार्वजनिक खर्च नियमावली २०६४ को ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सति पातिहाल्न सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवात १००००००।०० भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फांटवारीमा बाटो निर्माण गर्दा मेशिन प्रयोग गरी बाटो बनाएकोले १५४ घण्टा मेशिन प्रयोग हुँदा औषत प्रतिघण्टा १४ लिटरले २१५६ लिटर लाग्नेमा रिलायन्स फ्यूल सेन्टर बांकेबाट ३६०० लिटर खरिद गरी लाग्ने भन्दा १४४४ लिटर बढी खरिद गरेको देखाई रु १०६८८१।५६ बढी भूक्तानी लिएको र उक्त कार्यमा मेशिनलाई भुक्तानी गरेको रकमको १० प्रतिशतका दरले हुन आउने बहालकर रु ६७०००।०० असूल गरि दाखिला गर्नुपर्ने रु | ६७००० |
| ५३. | **घटी विलः** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।भौ न १६।२०७७।३।२५ बाट श्री कालेगाउँ देखि भेरी करिडोर सम्म सडक स्तरउन्नती उपभोक्ता समितिलाई सडक स्तरउन्नती कार्यमा ग्याविन वक्स फिलिङ्ग गरेवापत रु ५२१००३।०० भुक्तानी गरेको छ । २*१*१ को २० गोटा ग्याविन वक्स श्री लाली गुराँस हार्डवेयरबाट खरिद गरेको विल संलग्न फांटवारीमा रहेको छ । तर ४० घनमिटर ग्याविन वक्स खरिद गरी फिलिङ्ग गरेकोमा कार्य सम्पन्न विलमा५८.५ घनमिटर ग्याविन वक्स फिलिङ्ग गरेको मुल्याङ्कन भएकोमा उपभोक्ताले पेश गरेको विलभर्पाइ यथार्थपरक देखिएन । | |
| ५४. | **बढी दरमा भुक्तानीः** चालु वर्षको स्वीकृत जिल्ला दररेट अनुसार भुक्तानी गर्नुपर्दछ ।भौ न १४।२०७७।३।२५ बाट बहुप्राविधिक शिक्षालय भवन निर्माण उपभोक्ता समितिलाई Earth work in excitation को मेसिनद्धारा काम गराउदा जिल्ला दररेटमा प्रतिघण्टाको ८५.७१ दरले १३८.७१ घनमिटरको रु ११८८८.८३ गर्नुपर्नेमा १३८.७१ घनमिटरको रु १२४४.६ प्रति घनमिटरका दरले रु १७२६४३.२९ भुक्तानी गरेको छ । कार्यालयले उक्त उपभोक्ता समितिलाई बढी दरमा कार्य गराइ रु १६०७५४.४६ बढी भुक्तानी गरेको रकम असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु | १६०७५४ |
| | **समानीकरण पूँजिगततर्फ** | |
| | **अधुरो भवनको कार्य सम्पन्न :** | |
| ५५. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार योजना सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौ न२०२।०७७।३।२६ बाट जन विकास अधारभूत विद्यालय बुरुगेको रु २७९०१४८।५९ लागतमा भवन निर्माण सम्पन्न गर्ने गरी विद्यालयसँग सम्झौता गरी कामको जिम्मा दिएको रहेछ । उक्त विद्यालयले झ्यल ढोका रग रोगन लगायत ८ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आइटमको रु ५१८८९६।२६ बराबरको काम नगरेको अवस्थामा प्राविधिक मूल्याकन रु २१५६२९१।२६ गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइयो । यसरी सम्झौता बमोजिमको काम नगर्नाले बजेट फ्रिज भएको छ भने भवन निर्माण कार्य अधुरै रहेको छ । यस्तो अवस्थामा सम्झौता बमोजिम काम नगर्ने विद्यलय र काम नसक्दै अधुरो भवनको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिक कर्मचारी र अधुरो कामलाइ कार्य सम्पन्न भएको ठिक हो भनी सिफारिस गर्ने सम्बन्धि वडा कार्यालयलाइ जिम्मेवार बनाइ बाँकी काम सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु | ५१८८९६ |
| ५६. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार योजना सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौ न १११।०७७।३।२५ बाट भैरब माध्यमिक विद्यालय भुरेचौरको रु ४५०१६४१।३८ लागतमा भवन निर्माण सम्पन्न गर्ने गरी विद्यालयसँग सम्झौता गरी कामको जिम्मा दिएको रहेछ । उक्त विद्यालयले झ्यल ढोका रग रोगन लगायत रु ९९१३९५।४४ बराबरको काम नगरेको अवस्थामा प्राविधिक मूल्याकन रु ३५१०२४५।९४ गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइयो । यसरी सम्झौता बमोजिमको काम नगर्नाले बजेट फ्रिज भएको छ भने भवन निर्माण कार्य अधुरै रहेको छ । यस्तो अवस्थामा सम्झौता बमोजिम काम नगर्ने विद्यलय र काम नसक्दै अधुरो भवनको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिक कर्मचारी र अधुरो कामलाइ कार्य सम्पन्न भएको ठिक हो भनी सिफारिस गर्ने सम्बन्धि वडा कार्यालयलाइ जिम्मेवार बनाइ बाँकी काम सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु | ९९१३९५ |
| ५७. | **कुदु डिप बोरिग खानेपानी :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।भौ न २११।०७७।३।२६ बाट रु ५१११३१३।० को लागतमा सम्पन्न हुने यस आयोजनामा उपभोक्ताको अश १०३७३१३।० रहेको छ । उपभोक्ता समितिले एच डि पि इ पाइप सकेट लगायतका सामान खरिद गर्दा एउटै पाइप फरक फरक विक्रेता र एउटै विक्रेताको टुक्रा टुक्रा बिलबाट खरिद गरेको छ भने खरिद गरिएका पाइपहरु गुणस्तरीय भएको सुनिश्चत हुनु पर्दछ । लक्ष्मी प्लाष्टीक , शर्मा प्लाष्टीक,नविन सप्लायर्सबाट रु २४७७७८०।७७ को सामान खरिद गरेकोमा सार्वजनिक खरिद ऐन नियमको पालना भएको पाइएन । खरिद भएका सामानको मूल्य र गुणस्तरको सुनिश्चित हुनुपर्ने रु | २४७७७८१ |
| ५८. | **नभएको कामको सिफारिस :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार योजना सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौ न १२।०७७।१।२१ बाट दुर्गा मा वि देखि महतरा गाउँसम्मको सडक निर्माणको रु १५३४६०२।५१ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता भएको रहेछ । उपभोक्ताले बकेटबाट १९२ घण्टा रु ४०००।० का दरले रु ७६८०००।० र ब्रेकरबाट ३८ घण्टाको रु ५०००।०० का दरले रु १९००००।० र डिजल खरिद ४७१५ लिटरको रु ३५६७२६।० समेत कूल रु १३१४७३६।० को विल पेश गरी कार्य सम्पन्न भएको जानकारी दिएको र वडा कार्यालयले रु १२५००००।०० को कार्य सम्पन्न भैसकेको सिफारिस गरेको छ । प्राविधिक नापजाँच गरी रु ७९३०१०।० मात्र काम भएको भनी मूलयाकन गरेको छ । उपभोक्ताले खूद काम गर्दा खर्च भएका बिल भर्पाइ पेश गर्नुपर्दछ ।अतः कामै नभएको अवस्थामा पनि पुरै सम्झौता रकम बराबरको बिल भर्पाइ पेश भएबाट उपभोक्ताबाट पेश हुने बिल भर्पाइहरु सही र यथार्थ छन् भनी आश्वस्त हुने अवस्था रहेन । पेश भएका डोजरका २ थान बिल मध्ये एक थान बिल रु ५३५००० बराबरको मूल्यांकन समेत भएको हुँदा सो भर्पाइमा समावेश हुने मू अ कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला हुनुपर्ने रु | ६९५५० |
| ५९. | **भुर स्याउली सडक :** सडक बोर्ड नेपालको रकमबाट गत वर्षको ठेक्का न bheri/w2/075/76 : बाट एम वि विल्डर्स/एम बि सप्लायर्स कार्कीगाउँ वावरकोटको कबोल अक रु ३३८६१२५।००मू अ कर बाहेक मा कार्य सम्पन्न हुने गरी सम्झौता भएको रहेछ । लेखापरीक्षणबाट देखिएका व्यहोरा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निम्नानुसार छन् :<br>क। सार्वजनिक खरिद नियमावली २०६४ का नियम १२५ को उपनियम २ मा त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस योजनामा कार्य स्वीकार प्रतिवेदन तयार नगरी अन्तिम बिल भुक्तानीमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेके छ । नियमानुसार प्रतिवेदन तयार गर्ने गराउने र सम्बन्धितलाइ जिम्मेवार बनाइनु पर्दछ ।<br>ख। मू अ कर ऐन २०५२ को दपाः १४ मा रितपूर्वकको कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले (३०३६७४३१८) बिल न २०।२०७७।३।३० बाट ३३८३५६५।३२ को कर बिजकको प्रतिलिपि बिजक पेश गरेकोले उक्त मू अ कर रकम सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा दाखिला भएकोप्रमाण पेश हुनुपर्ने रु<br>ग। प्राविधिकले तयार गरेको ठेक्का बिलमा अघिल्लो बिलसम्म काम भएको परिमाण र रकम खुलाउनु पर्नेमा रनिङ्गमा चढेको रकम रु १३४५४५१।० भौचरमा घटाएको छ ।जसबाट अघिल्लो बिलसम्ममा भै सकेको कामको परिमाण नदोहोरिएको भनी आशवस्त हुने अवस्था रहेन ।यस सम्बन्धमा सम्बन्धितलाइ जिम्मेवार बनाइनु पर्दछ ।<br>आर्थिक ऐन २०७६ अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानी गर्दा मू अ कर को ५० प्रतिशत रकम सम्बन्धित बिक्रेतालाइ दिइ ५० प्रतिशत रकम कार्यालयले कट्टी गरी दाखिला गरिदिनु पर्ने व्यवस्था भएकोमा दाखिला गरेको पाइएन । नियमको परिपालना हुनु पर्दछ । | ४३९८६३ |
| ६०. | **गौरी खाली बाहुन थाना सडक** : २३१।०७७।३।२६ : मू अ कर ऐन २०५२ को दफा १४ मा रितपूर्वकको कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ ।मल्ल कन्स्ट्रक्सन खलगाको बिल न ०१।०७७।३।२६ पान न ३०३१४४९६०बाट बिल रकम रु २७२९९१।० मा मू अ कर रु ३५४८८।८५ थप गरी रु ३०८६९८।० भुक्तानी गरेको छ । निर्माण व्यवसायीको दर्ता प्रमाण पत्रमा मल्ल ब्रदर्श एण्ड सप्लायर्स लेखिएको छ ।सोही पान नबर राखेर कलर पेपरमा मल्ल कन्ट्रक्सन खलगा लेखी कम्प्युटर प्रिन्ट गरेको बिल पेश भएको हुँदा भुक्तानी भएको मू अ कर सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ३५४८८ |
| ६१. | **दह बजार रुपाकोट सडकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले सम्पादन गरेको कामको विलभर्पाइ सहितका प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । भौ न २२२।०७।३।२६ बाट यस योजनाको उपभोक्ता समितिलाइ रु १२२२२००।०० भुक्तानी गरेकोमा शान्त बहादुर बुढालाइ डोजर भाडा बकेटबाट १२४ घण्टाको रु ६०००।०० ले रु ७४४०००।०० बुझाएको र डिजल ५००० लिटरको रु ४३२२२५।०० ग्रीज ८०० लिटरको रु ७७११२।०० समेत कूल १२४ घण्टाको लागि खर्च भएको देखिन्छ । अतः यसबाट प्रति घण्टा डोजर भाडा रु १०१०७।५५ परेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खर्च भएका यथार्थ बिल भर्पाइ पेश भएको छ भनी आश्वस्त हुने अवस्था रहेन । यस सम्बन्धमा सम्बन्धित निकायलाइ जिम्मेबार बनाइनु पर्दछ । | |
| ६२. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ३८८०३००० का ११ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौ सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क.स. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो बर्ष सम्मको खर्च (रु हजारमा) | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | जाजरकोट खलंगा सहलगानी खानेपानी आयोजना | keshab shaha costruction Baijanaath 4 banke | २०७६।११।७ | २०७७।१२।३० | ८४४८ | ६६.६३ % |
| २ | जाजरकोट दरवार संरक्षण | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।५ | २०७७।१२।३१ | ५२१ | १०% |
| ३ | विजय मा.वि. काफचौर भवन निर्माण | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।५ | २०७७।१२।३२ | ८७९ | २०% |
| ४ | नगरपालिका क्षेत्रभित्रको विभिन्न खोलाहरको प्रारम्भिक वातावरणिय मुल्याङ्कन | श्री वि.पि. मल्टि कन्सल्ट ईन्जिनियरीङ सोलुशन प्रा.लि.काठमान्डौ, नेपाल | २०७६।१।३१ | २०७७।७।३० | ८७९ | २०% |
| ५ | नगरपालिका क्षेत्रभित्रको विभिन्न खोलाहरको प्रारम्भिक वातावरणिय मुल्याङ्कन | श्री वाइड रेन्ज ईन्जिनियरीङ सोलुशन प्रा.लि. मध्य बानेश्वर, काठमान्डौ | २०७६।१।३१ | २०७७।७।३० | ७४९ | २०% |
| ६ | स्वास्थ्य चौकी भवन निर्माण वडा नंः ७ | Kc nirman sewa Karkigaun 6, Jajarkot | २०७६।११।१ | २०७७।१२।२६ | १११६ | २९.७८% |
| ७ | स्वास्थ्य चौकी भवन निर्माण वडा नंः ८ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।५ | २०७७।१२।३१ | ७४८ | २०% |
| ८ | स्वास्थ्य चौकी भवन निर्माण वडा नंः १२ | sabin construction Bheri municipality 3 Jajarkot | २०७६।११।१६ | २०७७।१२।३१ | ७४८ | २०% |
| ९ | वडा कार्यालय भवन निर्माण | Saibaba and tara costruction Bheri municipality 3, Jajarkot | २०७६।११।१६ | २०७७।१२।३१ | ४२३ | १०% |
| १० | नगरपालिका भवन निर्माण | Galwa/ Khadka rishna JV | २०७६।११।१६ | २०७।१२।३१ | २४२९२ | ६५.५४% |
| ११ | स्यानीटरी प्याड खरिद | Madhukar nirman sewa | २०७७।३।२२ | २०७७।१२।४१ | ० | ०% |

६३. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

६४. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६५. | **डी पी आर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी पी आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थाजनीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।कतिपय आयोजनाको प्रतिवेदन प्राप्त नभएकोले आयोजनाको लागत यकिन भएन ।अत डि पि आर प्रतिवेदनको अद्यावधिक अभिलेख राखी कार्य सम्पन्न गराउने तर्फ जिम्मेवार निकायको ध्यानाकर्षण हुनु पर्दछ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Master plan of malika temple and tourism | Resources Lab Pvt Ltd kathmandu | ५००००० | ४९०००० | प्रतिवेदन उपलव्ध नगराएको |
| Revenue improvement action plan | Western nepallocal development association | ५९१६६८२ | ३५५००१ | प्रतिवेदन उपलव्ध नगराएको |
| मालिका मन्दिर र प्रभावित क्षेत्र | प्रोक्सिमा इन्जिनियरिग कन्सल्टेन्सी | २०००००० | १९७७५०० | ९३३९७७६३ |
| बाहुन थाना डिगा सकम सर्भे | मिसन इन्जिनियरिग कन्ल्टेन्सी प्रा लि | ५००००० | ४९०४२० | २४११२२१५५/- |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ६६. | **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| | **समानीकरण चालुतर्फ** | |
| ६७. | नगरपालिका चालु तर्फको बैक नगदी किताबमा कूल रु १७४९६२१४७।९९ बजेट खर्च देखाएको छ । निम्नानुसारका भौचरबाट गत बर्ष नै बजेट खर्च लेखी कर दाखिला गर्न बाकी रकम सशर्त तर्फको फिर्ता गर्न बाकी रकम र विभिन्न कर्मचारीहरुले पछिल्लो अर्थिक वर्षमा नगदै दाखिला गरी पेश्की फछ्र्यौट गरेकोमा सो पेश्की चालु वर्ष नै फर्छ्यौट जनाएकोमा बैक आम्दानी नजनाइ पेश्की फर्छ्यौट गर्दा बजेट खर्च घटाउनु पर्नेमा नघटाएको र ब ख शुन्य गरे बाट खर्च नभएको रकम समेत बजेट खर्च भित्र समावेश गरेको हुँदा यथार्थ खर्चभन्दा रु ४८६३१८६३।८९ बैक नगदी किताबमा बढी खर्च देखाएको छ । यस सम्बन्धमा छानविन गरी सम्बन्धितलाइ जिम्म्मेवार बनाइ दोहोरो बजेट खर्च नभएको सुनिश्चत गराउनु पर्ने रु | ३८१६१६९ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ न मिति | व्यहोरा | ब ख गर्न नमिल्ने रकम |
|---|---|---|
| ३।०७६।५।६ | गत वर्ष ब ख गरी दाखिला गर्न बाकी अग्रिम कर | ४३४४३४.७६ |
| ३।०७६।५।६ | गत वर्ष ब ख गरी दाखिला गर्न बाकी बहाल कर | ३७४५८३.६ |
| ३।०७६।५।६ | गत वर्ष ब ख गरी दाखिला गर्न बाकी अग्रिम कर | ६२८२३९.८५ |
| ३।०७६।५।६ | गत वर्ष ब ख गरी दाखिला गर्न बाकी पारिश्रमिक कर | २८३२६२.८६ |
| ३।०७६।५।६ | गत वर्ष ब ख गरी दाखिला गर्न बाकी कन्टेन्जेन्सी | ११०७५० |
| २।०७६।५।१३ | अ व २०७५।७६ को शशर्त अनुदान फिर्ता | ४४८१५६९४.८२ |
| ५६४।०७७।३।३१ | कृति ब थापा ०७७।४।११ मा नगद दाखिला गरी पे फ गरेको रकम यसै वर्ष पे फ गरेको | ४००००० |
| ५६३।०७७।३।३१ | कृति ब थापा ०७७।४।११ मा नगद दाखिला गरी पे फ गरेको रकम यसै वर्ष पे फ गरेको | १२२५८२७ |
| ५५९।०७७।३।३१ | नवराज शर्मा ०७७।४।३२ मा नगद दाखिला गरी पे फ गरेको रक यसै वर्ष पे फ गरेको | ३४९०७० |
| | जम्मा | ४८६३१८६३।८९ |

| | | |
|---|---|---|
| ६८. | **सेवा शुल्कमा कर** :मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ भने आयकर ऐन २०५८ को दफा ८८ मा कर बिजक वेगरको सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने उल्लेख भएको छ । भौ न १०३।०७७।१।२४ बाट वेष्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसियसन प्रा लि लाइ राजस्व सुधार कार्य योजना तयार गरे वापत रु २३६६६७।०० भुक्तानी गर्दा कर विजक जारी गरेको पाइएन । तसर्थ नियमानुसारको कर असूल हुनु पर्ने रु | ३५५०० |
| ६९. | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ। छुवाछुत मुक्त नगरपालिका घोषणाको लागि रणनैतिक योजना तयार गरे वापत रिसर्च इम्पावरमेन्ट सपोर्ट प्रा लिः चन्द्रागिरी न पा ३ काठमाण्डौ पान न ६०६७७६६२० लाइ रु २९२०००।०० मा रु ३७९६०।०० मू अ कर थप गरी रु ३२९९६०।०० भुक्तानी गरेकोमा कम्प्युटरमा बिलको नमूना तयार गरी कलर पेपरमा प्रिन्ट गरी विजक नबर नराखेको विल सम्लग्न भएकोले उक्त रकम सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ३७९६० |
| ७०. | **विल टुक्रा पारेकोः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । १५०।०७६।९।७बाट बाहुन थाना डिगा जोड्ने मोटरबाटो सर्भे भनी मिसन इन्जिनियरिग कन्सल्टेन्सी प्रा लि लाइ ३५४७०७।० भुक्तानी गरेको छ भने पूजिगत तर्फको भौचर न ५५०।०७६।९।७ बाट कुदू रगशाला को सर्भे भनी रु ४९०४२०।० भुक्तानी गरेको छ । एउटै व्यक्तीकबाट बिल टुक्रा पारी खरिद भएको नियम सम्मत नदेखिएको रु | ८४५१२७ |
| ७१. | **कर विजक वेगर खरिदः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मू अ करमा दर्ता भएकासँग खरिद गर्नु पर्ने वयवस्था छ । १६८।०७६।९।१८ बाट मालिका कम्प्युटर ट्रेड लिक जाजरकोटबाट विभिन्न सामान खरिद गरी कर विजक वेगर रु ८६७२०।० भुक्तानी गरेको रु | ८६७२० |
| ७२. | **कार्वनकपी विलः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ।निशान कम्प्युटर बाकेको कार्वन कपी बिल सलग्न गरी रु मू अ कर सहित रु २७०००।०० भुक्तानी भएको छ । सो रकम सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा दाखिला भएकव प्रमाण पेश हुनु पर्ने रु | २७००० |
| ७३. | **टोल विकास सस्था गठन** :सामुदायिक सुशासन सबिकरणको लागि टोल बिकास सस्था गठन तथा परिचालन कार्यक्रम सचालन गर्न सहकर्मी समाज सुर्खेत सँग सम्झौता गरी रु ७३८७००।०० भुक्तानी गरेको पाइयो । कति टोल विकास सस्था गठन भए कसरी परिचालन भएका छन् समाजमा कस्तो प्रभाव परेको छ अनुगमन प्रतिवेदन गरी खर्चको सार्थकता सुनिश्चित हुनु पर्दछ | |
| ७४. | **कृषीको नगर प्रोफाइल :** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार लागत अनुमान कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौ न १९६।०७६।८।१२ बाट कृषि शाखाको नगर प्रोफाइल तयार गरे वापत सुर्य प्रसाद नेपाल काठमाण्डौलाइ रु ९९९८२।०० भुक्तानी गरेकोमा स्वीकृत जिल्ला दररेट नम्स अनुसार लागत अनुमान तयार गरी कार्य सम्पन्न गर्नु पर्नेमा आते जाते हवाइ भाडा गाडी भाड दैनिक भता अन्य खर्च कन्टेन्जेन्सी खर्च समावेश गरी जाजरकोटमा १ दिन बसेको देखाइ प्रोफाइल तयार गरेको जनाएको देखिन्छ । भने उक्त प्रोफाइल भने कार्यालयले नै छपाइ गरेको छ । १ दिनमा सबै तथ्याक सकलन विश्लेषण सम्भव हुने नदेखिएबाट आश्वस्त गराउनु पर्ने रु | ९९९८२ |
| ७५. | **फोटोकपी विल :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।३५२।०७७।२।२९ बाट निशा मेडिकल हल को विल न ४३ र ४४ मिति२०७७।१।१४ को दुइ थान फोटोकपी बिल सलग्न गरी कोभिड रोकथामको औषधि उपकरणको रु ४९९६१६।० भुक्तानी गरेको छ । सक्कल बिल पेश हुनुपर्ने रु | ४९९६१६ |
| ७६. | **राहत सामग्री भण्डारण :** सार्वजनिक खरिद नियमावली २०६४ मा ५ लाखभन्दा बढीको सोझै खरिद गर्न नहुने उल्लेख छ । भौ न ५६६।०७७।३।३१:बाट विपद व्यवस्थापन सामग्री खरिद तथा भण्डारण भनी सर्मिला घर्ती रु १४४०००० पेश्की फर्छ्यौट गरेकोमा नियमावलीको प्रकृया अपनाएर खरिद गरेको छैन ।कार्यालयले नियमानुसार खरिद गर्नुपर्नेमा कर्मचारीलाइ पेश्की दिएर जे के सप्लायर्ससँग ८८६० मिटर एच डि पि इ पाइप र २६५० तार जाली खरिद भएकोमा सामान गुणस्तरीय भएको प्रमाण नहुनुका साथै नियम बिपरित खरिद भएकोमा वर्षातको आपतकालिन कामको लागि खरिद भएको भन्ने जवाफ छलफलबाट प्राप्त भएको छ । | |
| ७७. | **सहकारी सस्था मार्फत खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ मा सहकारी सस्था मार्फत खरिद कार्य गर्ने व्यवस्था छैन । रातो पाण्डा युवा सहकारी सस्था मार्फत बेमौसमी तरकारी खेती तालिम को रु ४२००००।०० र कस्तुरी बहुउद्देश्यीय सहकारी सस्था मार्फत रु ४०४३१०।०० को लागतमा कृषि प्रतिक्षालय निर्माण गराएको छ । नियम बिपरित भएको खरिद कार्य रु | ८२४३१० |
| ७८. | **भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयः३१२००००११३**<br>**कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ ।भौ न १।२०७७।३।२३ बाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कृषि क्षेत्रको सुधारका लागि गह्रा निर्माण, विरुवा रोप्ने कार्य, हाते औजार खरिद लगाएतका कार्य सञ्चालन गर्नका लागि जम्मा रु १७७७०००।०० रकम खर्च भएको छ । उक्त कार्य सञ्चालनको लागि विभिन्न कृषक समुहलाई रकम भुक्तानी गरेको छ । कृषक समूहले कार्य सम्पादन गरेको प्रतिवेदन कुनै पनि कृषक समूहले पेश गरेका छैनन् । कुनै पनि कृषकले साइन बोर्डको फोटो संलग्न फांटवारीमा पेश भएको छैन । कार्यालयले अनुदान दिएको | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रकम बराबरको कार्य सम्पादन भए नभएको कार्यालयले छानविन गरी प्रमाण पेश गर्नुपर्दछ। | |
| ७९. | **संघीय सरकार गैर आवसिय भवन, सडक तथा पुल र अन्य सार्वजनिक निर्माण अनुदान (८०१०६१२१४)**<br>**बढी इन्धनः** ४।२०७७।३।२५ सार्वजनिक खर्च नियमावली २०६४ को ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । डिंगा वडालेख सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवात रु १८२०८१९।०० भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फांटवारीमा बाटो निर्माण गर्दा मेशिन प्रयोग गरी बाटो बनाएकोले २३० घण्टा मेशिन प्रयोग हुँदा औषत प्रतिघण्टा १४ लिटरले ३२२० लिटर लाग्नेमा श्रेष्ठ आयल स्टोर एण्ड अर्डर सप्लायर्स ९९०० लिटर खरिद गरी लाग्ने भन्दा ६६८० लिटर बढी खरिद गरेको देखाई प्रतिलिटर रु ७३.८९३ का दरले हुनाआउने रु ४९३६०५.२४ बढी भूक्तानी भएको देखियो । उपभोक्ता समितिबाट पेश हुने विलभर्पाइ यथार्थ र तथ्यपरक भएको आश्वस्त गराउनु पर्दछ । | |
| ८०. | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य सहित भ्रमणमा खटाएको व्यहोरा आश्वस्त गर्नुपर्दछ । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ८१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था छ । तर कार्यालयले १३ वडामा रु ८४४०९५६०।०० वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी रु ८४४०९५६०।०० वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ । | |
| ८२. | **लाभग्राहीको नाम नविकरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७(१) मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत नगरपालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्विधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ८३. | **प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकामा सो नियमको पालना भएको पाइएन ।नगरपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८४. | **भत्ता रकम वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम १६ (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यलयमार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ताभित्र दोस्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको पालना भएको पाइएन।पालिकाले कार्यविधिको पालनमा ध्यान दिनुपर्दछ। | |
| ८५. | **पारदर्शिता कायम गर्नुपर्ने :** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ को नियम ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेछ साथै (ख) मा स्थानिय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा सोको पालना भएको पाइएन । नगरपालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ८६. | **विवरण पठाउनु पर्ने :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| ८७. | **कार्य योजना** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |
| ८८. | **वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८९. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण ,-** स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख , मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । | |
| | **कोभिड १९ तर्फ :** | |

९०. नगरपनलिकाले यस वर्ष कोभिड १९ महामारीमा रु १४१७८३४४।०० खर्च भएको विवरण पेश गरेको छ । नगरपालिका चालु तर्फबाट समेत यस शीर्षकको खर्च गरेकवमा सो खर्च समावेश गरेको छैन ।अत चालु तर्फ भएको निम्नानुसार रु २५११९२९।० समेत कोभिड १९ को कूल खर्च रु १६६९०२७३।० भएको छ ।यथार्थ र सही हिसाब राखी श्रेस्ता तयार गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ ।चालु तर्फबाट भएका खर्च विवरण निम्नानुसार छन् :

| भौ न मिति | संक्षिप्त व्यहोरा | खर्च रकम रु |
|---|---|---|
| २३३।०७७।१।१८ | चामल खाना खाजा इन्धन मास्क रिचार्ज कार्ड अदि | २७०००० |
| २५३।०७।२।९ | मेट्रो सिप्रो सहित १० प्रकार औषधीहरु | ४९६०३६ |
| २६२।०७७।२।९ | औषधी उपकरणहरु २ वटा बिलबाट | ४९९५१६ |
| २५१।०७७।२।९ | औषधीहरु | ४९९५६१ |
| २५०।०७७।२।९ | १६ किसिमका औषधीहरु | २५७५६१ |
| २६१।०७७।२।२१ | साबुन स्यानिटाइजर पर्चा पम्प्लेट व्यानर आदी | ४९४२५५ |
| | | २५११९२९।० |

९१. कोभिड १९ महामारी रोकथामको लागि क्वारन्टीन खर्च, खाना, खाजा, कपडा, गाडी भाडा, दाल, चामल, साबुन, मास्क, स्यानीटाइजर लगायतका शीर्षाकमा खर्च भएका छन् भने आर. डि. टि. भि. , टि. एम. खरिद औषधी खरिद गरिएको देखिन्छ । खरिद गरिएका सबे औषधीहरु कोभिड १९ सँग सम्बन्धित भएको र सोही प्रयाजनमा खर्च भएको सुनिश्चत गराउनु पर्दछ ।महामारीको रकम बाट अन्य प्रयोजनमा खर्च गर्नु उपयुक्त होइन ।भौचर न ६।०७७।२।२२ युनाइटेड ड्रग्स् सेन्टर नेपालगन्जबाट विभिन्न २७ आइटम औषधी खरिद गरी रु ८११२५२।०० भुक्तानी गरेकोमा सिजर, कण्डम, पिल्स, सिप्रो, मेट्रो जस्ता औषधीहरु छन् भने औषधी प्रयेग भएको केश रजिस्ट्रर पेश भएको छैन ।तसर्थ खरिद भएका औषधीहरु कोभिड १९ महामारीमा नै प्रयोग भएको सुनिश्चित गराउनु पर्दछ ।

९२. **कोभिड खर्चः**

| पूर्व तयारी सम्बन्धी गर्नुपर्ने कार्य | सम्पादन भएका प्रमुख क्रियाकलापहरु | खर्च रकम |
|---|---|---|
| क्वारेन्टाइन व्यवस्थापन | ६ विधालयमा क्वारेन्टाइन व्यवस्थापन | ६६९०२५८.५० |
| सरसफाइ सामागि | वितरणा | ११०२८०० |
| पारिश्रमिक | सामुदायिक स्तरमा | ३५२३५५ |
| राहत | वितरण | १७५१०५६ |
| औषधी | वितरण | १२१७८२९ |
| भि. टि. एम/ आर. डि. टी. | टेस्टिग | १२१०२३० |
| पी.पी.इ. | वितरणा तथा टेस्टिग | १७९९७५ |
| ढुवानि | ० | ३७४६५६ |
| अनुगमन, मुल्याकन, | ० | ३५४७३८ |
| विविध | ० | ९४४४४७ |
| **जम्मा** | | १४१७८३४४.00 |

९३. **क्वारेन्टिन तथा होल्डीङ्गसेन्टरको विवरणः**

| क्रस | यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डङ सेन्टरको नाम | निर्माण खर्च | बेड संख्या | क्वारेन्टिनमा बस्नेहरुको संख्या | | सञ्चालन व्यवस्थापन प्रयोजनको खर्च |
|---|---|---|---|---|---|---|
| | | | | दैनिकरुपमा बसेको अधिकतम संख्या | आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरुको कुल संख्या | |
| १ | वडा न ३ | ८००००० | ४५ | ६५ | २४६ | २६१३०८२ |
| २ | वडा न ७ | २०००५० | ५० | १२५ | १३८ | ३०६२६५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | वडा न ११ | ३२०००० | ६० | ३२ | १७४ | ७५५७६५ |
| ४ | वडा न १ | ४००० | १० | १० | १० | २०९०० |
| ५ | वडा न ९ | १९८००० | ३० | ३० | ५८ | ५४६०२३ |
| ६ | वडा न १३ | २१३४०० | ३० | २३ | ११२ | ७१२७७२ |
| ७ | वडा न ५ | | २९ | ३१ | | भुत्तानी भुक्तानी आब०७७।०७८ |
| | जम्मा | १७३५४५० | २५४ | | ७८३ | ४४३३९०७ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९४. | **आन्तरिक लेखा परीक्षकको मुल्यांङ्कनः** चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गरी हिसाव अद्यावधिक गर्नु पर्नेमा वर्षको अन्तमा एकैपटक आन्तरिक लेखापरीक्षण गरेको पाइयो भने २०७६।७७ को आ व समाप्त भए पश्चात आन्तरिक लेखापरीक्षण गरेकोमा २०७७।११।५ मा मात्र प्रतिवेदन बुझाएको छ ।आन्तरिक लेखा परीक्षणले चुस्त दुरुस्त हिसाब राख्रन सहयोग पुर्‍याउनु पर्दछ । तसर्थ आन्तरिक लेखा परीक्षण प्रभावकारी नभएकोले यस तर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |
| | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :** आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै असूल फछ्र्यौट हुनु पर्दछ ।आन्तरिक लेखापरीक्षणबाट औल्याइएका निम्नानुसारका व्यहोराहरु असूल फर्छ्यौट हुनु पर्दछ । | |
| ९५. | **चालु खर्च तर्फ** : २१३।०७७।३।२५:प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सर्वजित ताउलेको घरदेखि कल्लव खोलासम्म सडक निर्माणमा प्रविधिक मूल्याकन रु ४९०२२।०० भएकोमा रु ५००८८२।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु | १०६६० |
| ९६. | २२३।०७७।३।२५: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अस्पताल देखि खरेलीखोला खत्रीबारासम्म पदमार्ग निर्माणमा प्राविधिक मूल्याकन रु ९७९६५५।० भएकोमा उपभोक्ता समितिलाइ रु १००००००।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | २०३४५ |
| ९७. | २३९।०७७।३।२५ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत साहुपाखा खानेपानी निर्माण वापत उपभोक्ता समितिलाइ रु ५६३९३९।० भुक्तानी दिएकोमा रु ५५४२३०।० मात्र प्राविधिक मूल्याकन भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | ९७०९ |
| ९८. | २४३।०७७।३।२५: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रामजानकी प्रा वि देखि इउरीचन्द्रघण्टा भगवती मन्दिरसम्म जाने बाटो निर्माण उपभोक्ता समितिको प्राविधिक मूल्याकन रु ६४४६३१।०० मात्र भएकोमा अग्रिम कर कटटा गरी रु ६७०४०४।० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | २५७७३ |
| ९९. | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अख्तियारीमा रोजगार संयोजकलाइ तलब र स्थानीय भता मात्र दिनु पर्नेमा महगी भता समेत भुक्तानी भएकोले सयोजक रश्मी राइबाट असुल हुनुपर्ने रु | २४००० |
| १००. | **सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूजिगत तर्फ** : १२।०७७।३।१६: बेमौसमी तरकारी खेती कृषक समूहलाइ रु ९५००।० भुक्तानी हुँदा ढुवानी भाडा कर नकाटेको रकम असुल हुनुपर्ने | ९५० |
| १०१. | **२८।०७।३।२५:**लक्ष्मी मा वि भे न पा ६ को शौचालय निर्माणमा ढुवानी भाडा रु १३८०००।० भाडा कर नकाटेकोले असुल हुनुपर्ने | १३८०० |
| १०२. | **३८।०७७।३।२५**: भगवती मा वि भे न पा ६ लाइ भवन निर्माणमा रु ४२७०००।०० भाडा भुक्तानी गर्दा भाडा कर नकाटेकोले असूल हुनुपर्ने | ४२७०० |
| १०३. | **स्थानीय निकाय वितीय समानीकरण चालु तर्फः** ३३।०७६।६।१४: अ स इ धन ब थापालाइ फिल्ड भता लिएको स्थानको दैनिक भ्रमण भता भुक्तानी भएकोले असूल हुनु पर्ने रु | ९९०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०४. | **६१।०७६।७।२९:**करारमा कार्यरत सर्मिला सुनारलाइ कार्तिक महिनाको तबल भुक्तानी भएकोमा निज असोजमसान्त देखि नै बिना सुचना कार्यालयमा हाजिर नभएकोले १ महिनाको तलब असूल हुनुपर्ने रु | १३३६५ |
| १०५. | **३१६।०७६।१२।१०** वडा कार्यालयहरुले होर्डिङ बोर्ड बुझेको भर्पाइ नभएको रु | ४५३९०० |
| १०६. | **३७१।०७७।२।२८** तालिम प्रशिक्षक गणेश परियारलाइ प्रशिक्षण भता रु ३००००।०० मा कर कट्टा नगरेको रु | ४५०० |
| १०७. | **३९७।०७७।३।१८** प्रविण वि क को बिल भर्पाइभन्दा बढी पेश्की फछ्र्यौट भएको रकम असूल हनु पर्ने रु | ३२७५ |
| १०८. | ४१०।०७७।३।१९ रु १४५००।०० भाडा भुक्तानिमा बहाल कर कट्टा नगरेको रु | १४५० |
| १०९. | **५२२।०७७।३।२६** नहकूल घार निर्माण मौरी पालन उद्योगलाइ प्राविधिक मूल्याकन भन्दा बढी भुक्तानी भएको रकम असूल हुनु पर्ने रु | २९८७ |
| ११०. | **५४०।०७७।३।२६** गाडी रिजर्भ रु १००००।० को भाडा कर नकाटेको रु | १००० |
| १११. | **स्थानीय निकाय वितिय समानी करण पूजिगत तर्फः** ५।०७६।८।१३ः पुरानो कर्मचारी मिलन केन्द्र देखि शान्ती चौतारा सम्म सडक निर्माण उपभोक्ता समितिलाइ अन्तिम प्राविधिक मूल्याकन रु २५२२०००/- भएकोमा रु २५४५१०१।०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु | २३१०१ |
| ११२. | **१३।०७६।९।१४ः** गैरीखाली राम मन्दिर देखी ठाँटी रोड निर्माण उपभोक्ता समितिलाइ भुक्तानी गर्दा ढुवानी भाडा कर नकाटेको रकम असूल हुनु पर्ने रु | १९३०० |
| ११३. | **१३०।०७७।३।२६ः** जोगी ढुङ्गा देखि तल्लो बवेरा उपभोक्ता समितिलाइ भुक्तानि दिद भाडा कर नकाटेको र | ५००० |
| ११४. | **१३७।०७७।३।२६ः** कुइरी रह खानेपानी उपभोक्तालाइ भुक्तानी हुँदा भाडा कर नकाटेको रकम असूल हुनुपर्ने रु | २३०० |
| ११५. | **२३७।०७७।३।२६ः** खलगा खानेपानी मर्मतमा प्राविधक मूल्याकनभन्दा बढी भुक्तानी भएको रकम असूल हुनु पर्ने रु | **५१५२** |
| ११६. | **स्थानीय तह प्रकोप व्यवस्थापन कोष चालु तर्फः** भौचर न ३३ बाट केदार ब कार्की पेश्की फर्छयौट गर्दा भुक्तानीमा कट्टा गरेको कर दाखिल नगरेकोले असूल गरी कर दाखिला हुनुपर्ने रु | ९७५० |
| ११७. | **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | १४३७२२२३ |

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा |
|---|---|---|---|---|
| १. उपभोक्ता समिति पेश्की (पूँजिगततर्फ) | | | | |
| २०७६/१२/१० | विजय मा वि भवन निर्माण | विजय मा वि भवन निर्माण उ स | ३१११२ | ९३०००० |
| जम्मा | | | | ९३०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | २) संस्थागत पेश्की (पूँजिगततर्फ) | | | | | |
| | २०७६/११/१६ | वडा ३ कार्यालय भवन | शाहीवावा एण्ड तारा कन्स्ट्रक्सन सेवा | ३११११ | ४२३०६३ | |
| | | | | जम्मा | ४२३०६३ | |
| | नगरपालिका चालु तर्फ<br>१) कर्मचारी पेश्की | | | | | |
| | २०७६/८/२४ | गत वर्षको मौज्दातबाट कार्यपालिका निर्णय अनुसार कार्यक्रम सञ्चालन | निशा थापा | २२५२२ | ३६५०० | |
| | २०७६।९।९ | जेष्ठ नागरिक तथा अपाङ्ग कार्यक्रम | धनसरा राना | २२५२२ | ३५१०५ | |
| | २०७६।८।१३ | गत वर्षको मौज्दातबाट कार्यपालिका निर्णय अनुसार कार्यक्रम सञ्चालन | निशा थापा | २२५२२ | २७००० | |
| | २०७६।१०।२४ | सेवा तथा परामर्श खर्च | विध्या शाह | २२४११ | १०००० | |
| | | | | जम्मा | १०८६०५ | |
| | संस्थागत पेश्की | | | | | |
| | २०७६/६/१२ | कार्यक्रम खर्च | जिल्ला प्रशासन कार्यालय जाजरकोट | २२५२२ | ३०००० | |
| | २०७६/९/१६ | कार्यक्रम खर्च | जाजरकोट चेम्वर अफ कमर्स | २२५२२ | ४००००० | |
| | २०७६/१०/२० | बालबालिकासँग मेयर कार्यक्रम र बृहत खेलकुद कार्यक्रमहरु | जाजरकोट युवा व्याडमिन्टन संघ | २२५२२ | १९८०० | |
| | २०७६/१२/३ | कार्यक्रम खर्च | रिसर्च इम्पावरमेन्ट एण्ड सर्पेट प्राइभेरट लिमिटेड | २२५२२ | ३००००० | |
| | २०७६/१२/१० | नगरपालिका भवन निर्माण | खड्का कृष्ण सन्तोष जे भी | २६३२२ | २५२९८६२ | |
| | जम्मा | | | | ३२७९६६२ | |
| | व्याक्तिगत पेश्की | | | | | |
| | २०७६/१२/९ | कार्यक्रम खर्च | महेश कुमार आचार्य | २२५२२ | ६५००० | |
| | २०७७/३/२४ | बहुक्षेत्रिय पोषण कार्यक्रम | लक्ष्मी घर्ती | २२५२२ | ३६४०० | |
| | जम्मा | | | | १०१४०० | |
| | संघीय सरकारबाट हस्तान्तरित पूँजिगत तर्फ | | | | | |
| | २०७६/११/१८ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सन्तोष निर्माण सेवा | ३११११ | ४३९६४१ | |
| | २०७६/११/१६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सविन कन्स्ट्रकस्न | ३११११ | ३७४०४१ | |
| | २०७६/११/१८ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सन्तोष निर्माण सेवा | ३११११ | ३७३८१६ | |
| | २०७६/११/१८ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | के सी निर्माण सेवा | ३११११ | ३७४८८३ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०७६/११/१८ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | धन एण्ड नविन निर्माण सेवा | ३११११ | ३७५४२३ |
| २०७६/११/१६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | न्यू मिलन निर्माण सेवा | ३११११ | ३७४५५८ |
| २०७६/११/१८ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सन्तोष निर्माण सेवा | ३११११ | ४३९६४१ |
| २०७७/३/२६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सन्तोष निर्माण सेवा | ३११११ | १२५३०९८ |
| २०७७/३/२६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | न्यू मिलन निर्माण सेवा | ३११११ | ३७४५५८ |
| २०७७/३/२६ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | सविन कन्स्ट्रकस्न | ३११११ | ३७४०४१ |
| जम्मा | | | | ४७५३७०० |
| संघीय सरकारबाट हस्तान्तरित पूँजिगत तर्फ | | | | |
| २०७६/८/२४ | महामारी रोगहरुको RRT/CRRT | निशा थापा | २२५२२ | २०००० |
| २०७६/१०/७ | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा ल्याव साम्रगी ढुवानी | निशा थापा | २२५२२ | ४५००० |
| २०७६/१०/७ | परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रम | निशा थापा | २२५२२ | १३९००० |
| जम्मा | | | | २०४००० |
| प्रदेश सरकार तर्फ | | | | |
| २०७६/११/१८ | | केशव शाह कन्स्ट्रक्सन | | १२३५१११ |
| २०७६/१२/९ | | केशव शाह कन्स्ट्रक्सन | | १२३५१११ |
| २०७६/१२/१८ | | सन्तोष निर्माण सेवा | | ५२०७७१ |
| जम्मा | | | | २९९०९९३ |
| संघिय सरकार गैरआवासिय सा नि अनुदान | | | | |
| २०७७/३/२५ | | सरस्वति मा वि | | १०००००० |
| जम्मा | | | | १०००००० |
| सामाजिक सुरक्षा | | | | |
| २०७७/३/२५ | सामाजिक सुरक्षा | लक्ष्मी वली | | ५८०८०० |
| जम्मा | | | | ५८०८०० |
| कुल जम्मा | | | | १४३७२२२३ |

**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा | वेरुजुको | फछ्र्यौटको आधार | सम्परीक्षण |
|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नं. | संक्षिप्त व्यहोरा | असुली | प्रमाण | नियमित | पेश्की | | |
| | १ | २०७४।७५ | १७.१ | पेश्की फछ्यौर्ट | | | | २३७०० | २३७०० | |
| | २ | २०७४।७५ | ३७ | असुली भएको | १५५३५ | | | | १५५३५ | |
| | ३ | २०७५।७६ | २१ | असुली भएको | ६७७० | | | | ६७७० | |
| | ४ | २०७५।७६ | २२ | असुली भएको | ३३०० | | | | ३३०० | |
| | ५ | २०७५।७६ | २३ | असुली भएको | ३४०० | | | | ३४०० | |
| | ६ | २०७५।७६ | २५ | असुली भएको | ५९०० | | | | ५९०० | |
| | ७ | २०७५।७६ | २६ | असुली भएको | २१०० | | | | २१०० | |
| | ८ | २०७५।७६ | २७ | असुली भएको | ५२०० | | | | ५२०० | |
| | ९ | २०७५।७६ | २८ | असुली भएको | ७०६३१ | | | | ७०६३१ | |
| | १० | २०७५।७६ | २९ | पेश्की फछ्यौर्ट | | | | ९५००० | ९५००० | |
| | ११ | २०७५।७६ | ३५ | असुली भएको | ७२०० | | | | ७२०० | |
| | १२ | २०७५।७६ | ३६ | पेश्की फछ्यौर्ट | | | | २००००० | २००००० | |
| | १३ | २०७५।७६ | ३९ | असुली भएको | ३४५८८।५२ | | | | ३४५८८।६२ | |
| | १४ | २०७५।७६ | ४४ | असुली भएको | २३७६० | | | | २३७६० | |
| | १५ | २०७५।७६ | ४५ | पेश्की फछ्यौर्ट | | | | १५००० | १५००० | |
| | १६ | २०७५।७६ | ५४ | असुली भएको | ७८२५ | | | | ७८२५ | |
| | १७ | २०७५।७६ | ६० | असुली भएको | ३९४७१ | | | | ३९४७१ | |
| | १८ | २०७५।७६ | ६० | असुली भएको | २९३१० | | | | २९३१० | |
| | १९ | २०७५।७६ | ७६ | असुली भएको | १४६५० | | | | १४६५० | |
| | | | | जम्मा | २६९६४० | | | ३३३७०० | ६०३३४० | |

अनुसुची-१

# भेरी नगरपालिकाको संचितकोष विवरण
# २०७६/७७

**कर्णाली प्रदेश**
**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| जाजरकोट | भेरी नगरपालिका | १२२५८१७ | ३४८१३ | २.८४ | ७१९१७ | ३८९७१६ | ६८१८८ | ९८८२ | १४०७४१ | ६०८५२७ | ३७५११६ | १०८९९१ | १३३१८३ | ६१७२९० | ६३१५४ |

अनुसुची-२

# भेरी नगरपालिकाको बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| जाजरकोट | भेरी नगरपालिका | ७४ | ६१ | ३६३७० | ० | ४ | १५५७ | ७४ | ५७ | ३४८१३ | ७७३ | १६४७८ | ३१९० | ० | ० | १९६६८ | ४१४ | १३९५८ | १४३७२ |

अनुसुची-३

# भेरी नगरपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | यस वर्ष सम्मको वाँकी वेरुजु | यस वर्ष सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जाजरकोट | भेरी नगरपालिका | **११७८७** | -३६ | ६०३ | ६०३ | ० | ० | ११११४८ | ३४८१३ | ४५९६१ | १४७५६ |